Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th
RAJAT JAYANTI 2082
कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
वर्ष: २६ | अंक: १३६ | वि.सं. २०८३ | भदौ १२ | शुक्रवार | नेपाल संवत्: ११४५, श्रावण शुक्ल पूर्णिमा | Friday 28 August 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### एक महिनापछि विस्तार भयो कर्णाली सरकार

# शक्तिशाली मन्त्रालयसहित पहिलो पटक पूर्ण समावेशी मन्त्रीपरिषद्



**ओम शाही**
**सुर्खेत, ११ भदौ ।**

कर्णाली प्रदेश सरकारले एक महिनापछि पूर्णता पाएको छ। प्रदेश सरकारमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट सहभागि हुने तीन मन्त्रीले पद तथा गोपनियताको शपथ लिएसँगै सरकारले पूर्णता पाएको हो । बिहिबार उनीहरुलाई प्रदेश प्रमुख यज्ञराज जोशीले पद तथा गोपनियताको शपथ ग्रहण गराए ।

नव नियुक्त मन्त्रीहरुमा सबै महिला छन्, जसमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जुम्कित लामा, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्री मिलन खड्का र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री कल्याणी खड्का छन् । खड्काद्वय रुकुम पश्चिमका हुन्, भने लामा हुम्लाकी हुन् । उनीहरु समानुपातिक निर्वाचन प्रणालीबाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए ।

मुख्यमन्त्रीसहित चार मन्त्रालय पाएको नेकपाले पूर्वसमाजवादी धारकी कल्याणीलाई पनि मन्त्री बनाएको छ। समाजवादीले पार्टी एकताको सन्देश दिन आफुहरुलाई पनि मन्त्री दिनुपर्ने अडान लिदै आएको थियो । १२ साउनमा नेकपा एमालेको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका मंगलबहादुर शाहीले एक महिनापछि मन्त्रीपरिषद्लाई पूर्णता दिन भएका हुन् ।

एमालेसँग मन्त्रालय भागवण्डामा कुरा नमिल्दा शाहीले २३ दिनसम्म एक्लै सरकार चलाएका थिए। ३ भदौमा विश्वासको मत लिनुअघि एमालेसँग कुरा मिलेपछि शाहीले एमालेका तीन जनालाई आफ्नो क्याविनेटमा लगेका थिए। सहमतिअनुसार एमालेका तर्फबाट सरकारको नेतृत्व गर्दै टेकराज पछाईले आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी पाएका थिए।

त्यस्तै, एमालेका तर्फबाट जितबहादुर मल्ल सामाजिक विकास मन्त्रालय र कलबहादुर हमालले जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको जिम्मेवारी पाएका थिए। त्यसयता आकांक्षी धेरै भएपछि शाहीले आफ्नै दलबाट मन्त्री नियुक्त गर्न सकेका थिएनन् । नेकपा भित्र मन्त्री छनौंटमा विवाद भएपछि मुख्यमन्त्री शाहीले पार्टी संयोजक पुष्पकमल दाहाल (प्रचण्ड) र सहसंयोजक माधव नेपाललाई गुहारेका थिए।

शाहीले ८ भदौमा विन्दमान विष्ट, मिलन खड्का र जम्कित लामालाई मन्त्री नियूक्त गरेर शपथ ग्रहण गराउन खोजेका थिए। त्यसको जानकारी प्रदेश प्रमुखको कार्यालयलाई समेत गराइएको थियो। तर, अन्तिम समयमा आएर विवादकै कारण शपथ रोकिएको थियो।

नेकपाभित्र विष्टलाई रोक्नका लागि गुटवन्दी मात्रै बनेन, केही सांसदहरुले मुख्यमन्त्री र नेकपा कर्णाली प्रदेश संयोजक विमला केसीले एकलौटी गर्न खोजेको भन्दै पार्टी केन्द्रमा सिकायतसमेत गर्न पुगेका थिए। उनीहरुले सके आफुहरु मन्त्री बन्ने नभए विष्टलाई रोकिछाड्ने रणनीतिलाई अन्ततः प्रचण्ड, माधवले वैधानिकता दिएका थिए।

विष्ट मन्त्रीको लाइनबाट आउट हुनुको अर्को कारण समाजवादीलाई सरकारमा समेट्नु पनि हो। सुरुबाटै भाग पाउनुपर्ने दावी पेस गरिरहेको समाजवादीले मन्त्री पाउने भएपछि विष्ट मन्त्रीपरिषद्मा अटाउन सकेनन् । तत्कालिन माओवादी धारका नेताहरु समाजवादीलाई मन्त्री नदिने मुडमा थिए। तर, अन्तिममा कुरा नमिलेपछि समाजवादीलाई मन्त्रिपरिषद्मा समावेश गराउँदा विष्ट आउट भएका हुन् ।

## महिलालाई शक्तिशाली मन्त्रालयको जिम्मेवारी

कर्णालीको इतिहासमै शक्तिशाली मन्त्रालयसहित पूर्ण समावेशी मन्त्रिपरिषद् विस्तार भएको छ। प्रदेश स्थापना भएयता बनेका सरकारहरुमा कार्यजिम्मेवारी र बजेट कम हुने मन्त्रालयमा दलहरुले महिलालाई सीमित गर्ने गरेको अभ्यास छ।

दलहरुले महिलालाई जिम्मेवारीका हिसावले मात्र होइन, प्रदेशसभामा ३३ प्रतिशत आरक्षणको बाध्यात्मक संवैधानिक व्यवस्था पालना गर्न महिलालाई समानुपातिकमा सीमित गर्ने गरिएको छ। विगतका सरकारहरुमा गठवन्धनबाट एउटा मात्र महिलालाई अवसर दिइने गरिन्थ्यो।

यस पटक यो रेकर्ड पनि तोडिएको छ। मुख्यमन्त्रीसहित सात मन्त्रालय रहेको कर्णालीमा पुरुषको बाहुल्यता रहदै आएकोमा यसपटक तीन जना महिला मन्त्री भएका छन्। एमाले-नेकपा गठवन्धनबाट बनेको सरकारमा मन्त्री छनौंटको विषय निकै पेचिलो बनेपछि नेकपाबाट तीनै जना महिलाले क्याविनेटमा उपस्थिती जनाउने अवसर मात्रै पाएनन्, कार्यजिम्मेवारी र पूँजिगत बजेट धेरै हुने मन्त्रालय महिलाको जिम्मेवारीमा परेको छ।

एमाले-नेकपाबीच भएको भागवण्डाको सहमति अनुसार ६ मन्त्रालयमा दुवै दलले तीन/तीन मन्त्रालय लिने सहमति भएको थियो। सोही बमोजिम भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय नेकपाको भाग परेको थियो। यो मन्त्रालयमा सबैभन्दा बढी बजेट र कार्यजिम्मेवारी रहने मन्त्रालय हो।

नेकपाले सुरुमा विन्दमान विष्टलाई भौतिक मन्त्री बनाउने तयारी थाल्यो। तर, नेकपा भित्रै विष्टलाई रोक्न घेराबन्दी भएपछि अन्ततः रुकुम पश्चिमबाट समानुपातिक सांसद मिलन खड्काले भौतिक मन्त्रालयको जिम्मेवारी सम्हाल्ने अवसर पाएकी हुन्। यसअघि महिलालाई आन्तरिक मामिला तथा योजना, जलस्रोत तथा ऊर्जा विकास, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र राज्यमन्त्रीमै सीमित गर्ने गरिएको इतिहास छ।

यस पटक उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी पनि महिलालाई दिइएको छ। प्रदेशसभाको पहिलो कार्यकाल (२०७४) मा विमला केसी भुमि व्यवस्था, कृषि तथा सहकारी, कृष्णा शाह आर्थिक मामिला तथा योजना, सीता नेपाली आन्तरिक मामिला तथा योजना मन्त्री भएका थिए। अघिल्लो कार्यकालमा शाहलाई आर्थिक मामिला तथा योजना मन्त्रायल दिइएको भएपनि उनलाई बजेट भने ल्याउन दिइएन।

त्यस्तै, दोस्रो कार्यकाल (२०७९) मा उर्मिला विश्वकर्मा जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, गमता विक भौतिक पूर्वाधार तथा शहरी विकास राज्यमन्त्री र विजया बुढा जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको जिम्मेवारीमा पुगेका थिए।

## रासायनिक मलको बढ्दो प्रयोगले माटोको उर्वरा शक्तिमा जोखिम



**सरला सुवेदी**
**बाँके, ११ भदौ ।**

बाँकेमा रासायनिक मलको प्रयोग बढ्दै जाँदा खेतीयोग्य जमिनको माटोको उर्वरा शक्ति घट्ने जोखिम बढेको छ। माटोमा आवश्यक पोषक तत्वको अवस्था परीक्षण नगरी आवश्यकता भन्दा बढी रासायनिक मल प्रयोग गर्ने प्रवृत्तिले तत्काल उत्पादन बढाए पनि दीर्घकालमा माटोको स्वास्थ्यमा असर पार्न सक्ने कृषि विज्ञहरूले बताएका छन् ।

बाँकेमा करिब ५५ हजार हेक्टर खेतीयोग्य जमिन रहेको छ। त्यसमध्ये करिब ३३ हजार ७ सय हेक्टरमा धान खेती हुँदै आएको छ। खेतीको क्षेत्रफल र उत्पादन बढाउनेतर्फ किसानको ध्यान केन्द्रित भए पनि माटोको स्वास्थ्य संरक्षण भने अझै प्राथमिकतामा पर्न सकेको छैन।

कृषि विज्ञ खिमबहादुर केसीका अनुसार माटोमा नाइट्रोजन, फस्फोरस, पोटासलगायतका पोषक तत्वको अवस्था नबुझी आवश्यकता भन्दा बढी मल प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको छ। उनका अनुसार माटो परीक्षणको आधारमा मलको मात्रा निर्धारण गर्न सके उत्पादन बढाउनुका साथै माटोको उर्वरा शक्ति पनि जोगाउन सकिन्छ।

"माटोमा कुन पोषक तत्व कति आवश्यक छ भन्ने परीक्षण नगरी मल हाल्दा एकातर्फ खर्च बढ्छ भने अर्कोतर्फ माटोमा पोषक तत्वको असन्तुलन हुन सक्छ," उनले भने, "माटो परीक्षणका आधारमा सन्तुलित रूपमा मल प्रयोग गर्न किसानलाई प्रोत्साहित गर्नुपर्छ।"

कृषक रमेशलाल यादवका अनुसार रासायनिक मलको अत्यधिक प्रयोग र प्राङ्गारिक मलको न्यून प्रयोगले माटोको रासायनिक गुण र पीएचमा समेत असन्तुलन ल्याउन सक्छ। उत्पादन बढाउने दबाबमा किसानले तत्काल परिणाम दिने भएकाले रासायनिक मललाई बढी प्राथमिकता दिने गरेको उनको भनाई छ।

माटो परीक्षण के हो र कसरी गरिन्छ भन्नेबारे पनि धेरै किसान अझै अनभिज्ञ छन्। पुस्तौंदेखि रासायनिक मल प्रयोग गर्दै आएका किसान उत्पादन बढाउन त्यसैमा निर्भर हुँदै गएका छन्। माटोमा आवश्यक पोषक तत्वको मात्रा र अवस्थाबारे जानकारी लिएर मल व्यवस्थापन गर्ने अभ्यास भने न्यून छ।

खजुराका कृषक रामेश्वर गुप्ताका अनुसार खेतमै पुगेर कृषि प्राविधिकले आवश्यक परामर्श नदिँदा किसानले आफूलाई सहज लागेको मल प्रयोग गर्ने गरेका छन्। "कुन खेतमा कुन मल कति हाल्ने भन्ने जानकारी किसानले व्यवहारमै पाउन सकेका छैनन्," उनले भने।

जानकी गाउँपालिकाका कृषक विनोद वर्माका अनुसार माटो परीक्षणपछि प्राप्त नतिजा र त्यसका आधारमा मलको मात्रा निर्धारण गर्ने विषयमा किसानलाई थप व्यावहारिक जानकारी आवश्यक छ। परीक्षण मात्रै गर्ने तर त्यसको नतिजाअनुसार मल व्यवस्थापन नगर्ने हो भने माटो परीक्षणको उद्देश्य पूरा नहुने उनको भनाइ छ।

माटो परीक्षण प्रयोगशाला खजुराका अनुसार बाँकेमा अहिलेसम्म करिब एक हजार सात सय किसानले मात्रै माटो परीक्षण गराएका छन्। पछिल्लो समय परीक्षण गराउने किसानको संख्या बढे पनि परीक्षणको नतिजाअनुसार मल व्यवस्थापन गर्ने किसानको संख्या भने न्यून रहेको प्रयोगशालाले जनाएको छ।

माटो विज्ञहरूका अनुसार कम्तीमा तीन वर्षमा एकपटक माटो परीक्षण गर्नुपर्छ। बाँकेमा हाल नाइट्रोजन, फस्फोरस र पोटासको अवस्था सामान्यतः मध्यम तथा माटोको पीएच पनि सामान्य अवस्थामा रहे पनि रासायनिक मलको प्रयोग निरन्तर बढ्दै गए भविष्यमा माटोको उर्वरा शक्ति

बाँकी ३ पेजमा



## सम्पादकीय....

# रसुवाको बाढीले दिएको चेतावनी

रसुवामा बुधबार बिहान भोटेकोशीमा आएको भीषण बाढीले विपद् व्यवस्थापनमा हाम्रो तयारी र पूर्वसूचना प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ। मंगलबार रातीसम्म सदरमुकाम धुन्चे र भोटेकोसीको सिरान क्षेत्रमा उल्लेख्य बर्षा नभएकाले स्थानीयले ठूलो बाढीको कल्पना गरेका थिएनन्। बिहान करिब पौने ९ बजे एक्कासी कालो मुस्लोसहित ढुंगा, माटो र रुखका ठुटा बगाउँदै आएको बाढीले केही क्षणमै बस्ती, सडक, संरचना र मानवीय जीवनमा ठूलो क्षति पुर्‍यायो। विहिबारसम्म ठुलो संख्यामा मृतकहरुको शव फेला परेको छ। हजारौं बढीको उद्धार गरिएको विवरणले विपद्को भयावहता देखाउँछ।

यस घटनाको सबैभन्दा गम्भीर पक्ष बाढीको अप्रत्याशितता हो। स्थानीय प्रशासन, सुरक्षा निकाय र सर्वसाधारणले जोखिमको पूर्वसंकेत पाएनन्। फलतः सुरक्षित स्थानमा सर्न पर्याप्त समय मिलेन। सशस्त्र प्रहरीका इन्स्पेक्टरसहित सुरक्षाकर्मी सम्पर्कविहीन हुनु तथा टिमुरे, स्याफ्रुबेंसी र रसुवागढीका प्रहरी संरचनामा क्षति पुग्नुले राज्यकै सुरक्षा संयन्त्र कति असुरक्षित अवस्थामा रहेको देखाउँछ। उद्धार र खोजीमा कठिन भूगोल थप चुनौती बनेको छ। नेपालतर्फको जलाधारमा उल्लेख्य वर्षा नभएको अवस्थामा यति ठूलो बाढी आउनुले माथिल्लो हिमाली क्षेत्रमा असामान्य घटना भएको आशंका स्वाभाविक छ। हिमताल फुटेको वा हिमपहिरोले नदी थुनेर एक्कासी पानीको निकास खुलेको हुन सक्ने प्रारम्भिक अनुमान छ। यसको वास्तविक कारण तत्काल वैज्ञानिक अध्ययनबाट पत्ता लगाउनुपर्छ। अनुमानमै सीमित भएर बस्नु हुँदैन। हिमाली क्षेत्रमा रहेका हिमताल, नदी र सम्भावित जोखिम क्षेत्रको निरन्तर निगरानी तथा स्वचालित सूचना प्रणाली विकास गर्नु अब विलासिता होइन, आवश्यकता हो।

गत वर्ष पनि यही क्षेत्रमा ठूलो बाढी आएको थियो। त्यतिबेला चीनतर्फ वर्षा भइरहेको सूचना प्राप्त भएकाले स्थानीयलाई सतर्क गराउन सकिएको थियो। यसपालिको घटनाले सीमापार मौसम सूचना आदानप्रदानको महत्व झन् स्पष्ट पारेको छ। नेपालले चीनसँग जल तथा मौसमसम्बन्धी वास्तविक समयको सूचना आदानप्रदान, संयुक्त जोखिम आकलन र आपत्कालीन सञ्चार संयन्त्रलाई प्रभावकारी बनाउनुपर्छ। स्थानीय तहदेखि केन्द्रसम्म पूर्वसूचना पुगेपछि त्यसलाई नागरिकसम्म छिटो पुर्‍याउने प्रणाली पनि उत्तिकै बलियो हुनुपर्छ। बाढीको असर रसुवामा मात्र सीमित रहेन। भोटेकोशी हुँदै त्रिशूलीमा मिसिएको पानीले नुवाकोट, धादिङ र चितवनसम्म जोखिम बढाएको छ। पर्यटन क्षेत्रमा समेत ठूलो असर परेको छ। अझ जलविद्युत् आयोजनामा भएको क्षति चिन्ताजनक छ। सञ्चालनमा रहेका आयोजना बन्द हुनुका साथै निर्माणाधीन आयोजनाका संरचनामा क्षति पुगेको छ। यसले विद्युत् उत्पादन, राष्ट्रिय प्रसारण प्रणाली र ठूलो लगानीमा दिर्घकालिन असर पार्न सक्छ। क्षतिग्रस्त आयोजनाको पुनःस्थापना गर्दा पनि पुरानै संरचना जस्ताको त्यस्तै बनाउनेभन्दा विपद् जोखिमलाई ध्यानमा राखेर डिजाइन, स्थान छनौंट र सुरक्षा मापदण्ड पुनरावलोकन गर्नुपर्छ। नदी किनार र जोखिमयुक्त क्षेत्रमा बस्ती तथा पूर्वाधार निर्माणको अनुमति दिने नीतिमाथी पनि पुनर्विचार आवश्यक छ। विपद्पछि हराइरहेका नागरिकका परिवारलाई सूचना, मनोसामाजिक सहयोग र आवश्यक राहत उपलब्ध गराउनु राज्यको दायित्व हो। पर्यटक, मजदुर र स्थानीय समुदाय सबैको क्षति समेटिने गरी तथ्यांक संकलन हुनुपर्छ। र राहत वितरणमा पारदर्शिता कायम हुनुपर्छ। क्षतिको वास्तविक मूल्यांकनका आधारमा पुनःस्थापना अघि बढाउनुपर्छ। अब प्राथमिकता उद्धार, बेपत्ताको खोजी र पीडितलाई राहत हुनुपर्छ। त्यससँगै क्षतिको विश्वसनीय विवरण संकलन, विद्युत् तथा सडक संरचनाको सुरक्षित पुनर्निर्माण र भविष्यमा यस्ता विपद्बाट हुने क्षति घटाउने दिर्घकालिन योजना आवश्यक छ। हिमाली विपद्लाई 'अप्रत्याशित' भन्दै पन्छिने होइन, जोखिमको वैज्ञानिक पहिचान, पूर्वसूचना र तयारीमार्फत राज्यको जिम्मेवारी पूरा गर्नुपर्छ। रसुवाको बाढीले दिएको चेतावनीलाई सरकारले अर्को विपद् नकुरोस्।

# लुम्बिनीमा दलित अधिकार ऐन नागरिक समाजदेखि प्रदेशसभासम्मको सहकार्य



डा. नहकुल केसी

नेपालको संविधान, २०७२ ले समानता, सामाजिक न्याय, समानुपातिक समावेशिता र दलित समुदायका विशेष अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानले दलित समुदायलाई समान नागरिकका रूपमा अधिकार प्रदान गर्नुका साथै उनीहरूले लामो समयदेखि भोग्दै आएको जातीय विभेद, छुवाछुत, आर्थिक बहिष्करण र राजनीतिक उपेक्षाको अन्त्यका लागि राज्यलाई विशेष दायित्वसमेत तोकेको छ।

तर, संवैधानिक रूपमा अधिकार सुनिश्चित भए पनि त्यसलाई व्यवहारमा कार्यान्वयन गर्न आवश्यक कानुनी तथा संस्थागत संरचना निर्माण हुन समय लागेको छ। यही सन्दर्भमा लुम्बिनी प्रदेशमा निर्माण भएको दलित अधिकार ऐन, २०८३ लाई एउटा प्रादेशिक कानुनका रूपमा मात्र बुझ्न सकिँदैन। यो नागरिक समाज, दलित अधिकारकर्मी, प्रदेशसभा, संसदीय समिति, प्रदेश सरकार तथा अन्य सरोकारवालाबीच भएको लामो संवाद, अनुसन्धान, पैरवी र सहकार्यको परिणाम हो।

### लुम्बिनीमा दलित समुदायको अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार लुम्बिनी प्रदेशको कुल जनसंख्याको करिब १४.३ प्रतिशत दलित समुदाय रहेको छ। जनसंख्याको महत्त्वपूर्ण हिस्सा ओगटेको भए पनि दलित समुदायको सामाजिक, आर्थिक तथा राजनीतिक अवस्था अझै संरचनागत असमानताबाट प्रभावित छ।

भूमिहीनता, गरिबी, न्यून शैक्षिक पहुँच, स्वास्थ्य सेवामा सीमित पहुँच, बेरोजगारी, परम्परागत सीपको अवमूल्यन तथा निर्णय तहमा न्यून प्रतिनिधित्वजस्ता समस्याले दलित समुदायलाई विकासको मूल प्रवाहमा समान रूपमा सहभागी हुन कठिन बनाइरहेका छन्।

यही अवस्थालाई सम्बोधन गर्न दलित समुदायको मानवअधिकार र सामाजिक न्याय सुनिश्चित गर्ने, समानुपातिक तथा समावेशी प्रतिनिधित्व कायम गर्ने, आर्थिक स्रोत, साधन र अवसरमा समान पहुँच स्थापित गर्ने तथा जातीय छुवाछुत र भेदभाव अन्त्य गर्ने उद्देश्यसहित प्रदेशस्तरीय कानुन आवश्यक भएको हो।

### संवैधानिक अधिकार कार्यान्वयनका लागि प्रदेश कानुन

नेपालको संविधानले समानताको हक, छुवाछुत तथा भेदभावविरुद्धको हक, दलितको हक र सामाजिक न्यायको हक सुनिश्चित गरेको छ। यद्यपि, प्रदेश तहमा ती संवैधानिक अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक कानुनी आधार निर्माण गर्नुपर्ने आवश्यकता कायमै थियो।

यही कानुनी रिक्ततालाई सम्बोधन गर्न दलित अधिकारसम्बन्धी विधेयक सरकारी विधेयकका रूपमा तयार गरिएको थियो। प्रदेश सरकारको मन्त्रिपरिषद्ले २०८२/०८/०७ मा उक्त विधेयक प्रदेशसभामा पेस गर्न स्वीकृति दिएको थियो।

विधेयकको मूल उद्देश्य दलित समुदायको मानवअधिकार तथा सामाजिक न्याय सुनिश्चित गर्नु, समानुपातिक तथा समावेशी प्रतिनिधित्व कायम गर्नु, आर्थिक स्रोत, साधन र अवसरमा समन्यायिक पहुँच स्थापित गर्नु तथा जातीय छुवाछुत र भेदभाव अन्त्य गर्नु थियो।

### प्रदेशसभामा सहभागितामूलक अभ्यास

दलित अधिकारसम्बन्धी कानुन निर्माणका क्रममा प्रदेशसभाको सामाजिक विकास समितिले विभिन्न चरणमा नागरिक समाज, विज्ञ, दलित अधिकारकर्मी, मन्त्रालय, कानुनविद् तथा अन्य सरोकारवालासँग संवाद गरेको थियो। यस प्रक्रियाले कानुन निर्माणलाई केवल प्रशासनिक प्रक्रियामा सीमित नराखी सार्वजनिक बहस, सहभागिता र सहकार्यको विषय बनायो। संसदीय समितिको सक्रियताले प्रदेशसभाले अनुसन्धानमा आधारित, सहभागितामूलक र उत्तरदायी ढंगबाट कानुन निर्माण गर्न सक्ने क्षमता पनि देखाएको छ।

कानुन निर्माण आफैंमा राजनीतिक प्रक्रिया पनि हो। कुनै पनि कानुन शक्ति सम्बन्ध, स्रोतको वितरण, राजनीतिक प्राथमिकता र सामाजिक स्वीकृतिसँग जोडिएको हुन्छ। दलित समुदाय ऐतिहासिक रूपमा बहिष्करणमा परेको अवस्थामा उनीहरूका सवाललाई राजनीतिक प्राथमिकतामा ल्याउनु सहज थिएन। प्रदेश सरकारको सीमित वित्तीय क्षमता र अधिकार क्षेत्रका कारण अधिकारमुखी नयाँ कार्यक्रम सञ्चालन गर्ने विषयमा पनि चुनौती थियो। संविधानमै दलित अधिकारसम्बन्धी पर्याप्त व्यवस्था भइसकेकाले थप प्रदेश कानुन आवश्यक नपर्ने धारणा पनि कतिपय क्षेत्रमा रहेको थियो।

यस्ता चुनौतीका बीच नागरिक समाजले प्रमाणमा आधारित पैरवी गर्‍यो भने संसदीय समितिले सरोकारवालाबीच संवाद र राजनीतिक सहमति निर्माणमा भूमिका खेल्यो। अन्ततः दलित अधिकारलाई साझा सार्वजनिक मुद्दाका रूपमा स्थापित गर्दै प्रदेशसभाबाट सहभागी र सहमतिपूर्ण प्रक्रियामार्फत ऐन निर्माणको काम सफल भएको हो।

### ऐनमा के–के व्यवस्था छन् ?

ऐन निर्माण प्रक्रियाको अर्को महत्त्वपूर्ण पक्ष दलित र गैरदलित नेतृत्वबीच विकास भएको सहकार्य र साझा प्रतिबद्धता हो। सामाजिक विकास समितिका सभापति यमबहादुर सार्कीले दलित समुदायका मुद्दालाई संसदीय एजेन्डाका रूपमा निरन्तर अघि बढाउँदै सरोकारवालाबीच संवाद, परामर्श र सहमति निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरेको सामग्रीमा उल्लेख छ।

अबको मुख्य प्रश्न ऐन कति राम्रो बन्यो भन्ने मात्र होइन, यसले दलित समुदायको जीवनमा कति व्यावहारिक परिवर्तन ल्याउँछ भन्ने हो। त्यसका लागि पर्याप्त बजेट, समयमै नियमावली तथा कार्यविधि निर्माण, स्पष्ट संस्थागत जिम्मेवारी, तीनै तहका सरकारबीच प्रभावकारी समन्वय र बलियो अनुगमन आवश्यक हुनेछ।

त्यसैगरी दलित अभियानकर्मी तथा लेखक जेबी विश्वकर्मा र कानुनविद् रक्षा राम चमारले ऐन निर्माण प्रक्रियालाई दलित समुदायको वास्तविक आवश्यकता र अनुभवसँग जोड्न योगदान गरेका थिए। गैरदलित नीति तथा सुशासन विज्ञ डा. नहकुल केसीको प्राविधिक सहयोग, अवधारणागत नेतृत्व तथा निरन्तर पैरवीले नागरिक समाज, प्रदेश सरकार, संसदीय समिति र राजनीतिक नेतृत्वबीच समन्वय कायम गर्न भूमिका खेलेको उल्लेख छ।

दलित अधिकारलाई कुनै एक समुदायको मात्र मुद्दाका रूपमा नभई संविधानप्रदत्त सामाजिक न्याय, समावेशी शासन र लोकतान्त्रिक उत्तरदायित्वसँग जोडिएको सार्वजनिक नीतिको विषयका रूपमा स्थापित गर्न पनि यस प्रक्रियाले भूमिका खेलेको देखिन्छ। दलित अधिकार ऐन, २०८३ ले लुम्बिनी प्रदेशमा दलित समुदायका अधिकारलाई समग्र रूपमा संस्थागत गर्ने प्रयास गरेको छ।

ऐनमा समानुपातिक तथा समावेशी प्रतिनिधित्व, खाद्य सुरक्षा, भूमि तथा आवास, शिक्षा, स्वास्थ्य, परम्परागत सीप तथा पेसाको संरक्षण, आर्थिक सशक्तीकरण, बौद्धिक सम्पत्ति संरक्षण, विकास बजेटमा प्राथमिकता तथा दलित अधिकार विकास समितिजस्ता व्यवस्था समेटिएका छन्।

त्यसैगरी, दलित विद्यार्थीका लागि छात्रवृत्ति, प्राविधिक शिक्षामा आरक्षित अवसर, भूमिहीन दलितको पहिचान, स्वास्थ्य बीमा, परम्परागत सीपको आधुनिकीकरण तथा विभिन्न सरकारी निकायबीच संस्थागत समन्वयका व्यवस्थासमेत ऐनमा समेटिएका छन्।

### कार्यान्वयनमा तीनै तहको आर्थिक दायित्व

ऐन निर्माण हुनु महत्त्वपूर्ण उपलब्धि भए पनि यसको कार्यान्वयनका लागि आर्थिक स्रोतको व्यवस्थापन चुनौतीपूर्ण विषय बन्न सक्छ।

दलित अधिकारसम्बन्धी संवैधानिक तथा संघीय कानुनी व्यवस्थाको कार्यान्वयनमा मुख्य भूमिका नेपाल सरकारको भए पनि प्रदेश सरकार र स्थानीय तहमा समेत आर्थिक दायित्व सिर्जना हुन्छ। त्यसैले दलित अधिकार कार्यान्वयनको आर्थिक भार संघीय सरकारमा मात्र सीमित हुँदैन। प्रदेश तथा स्थानीय तहले आफ्नो संवैधानिक तथा कानुनी अधिकार क्षेत्रअनुसार आवश्यक स्रोत परिचालन गर्नुपर्ने हुन्छ।

ऐन कार्यान्वयन गर्दा प्रदेश सरकारमाथि पर्ने आर्थिक दायित्व र त्यसको व्यवस्थापनका विषयमा आर्थिक टिप्पणीसमेत तयार गरिएको सामग्रीमा उल्लेख छ। ऐनको दफा ४ मा खाद्य सुरक्षाको अधिकार कार्यान्वयन, खाद्य सहायता परिचयपत्र वितरण तथा सहुलियत दरमा खाद्य सामग्री उपलब्ध गराउनेजस्ता व्यवस्था समेटिएका छन्। खाद्य सुरक्षा तीनै तहका सरकारको साझा जिम्मेवारी भएकाले यसबाट सिर्जना हुने आर्थिक दायित्व प्रदेश सरकारमा मात्र सीमित नहुने देखिन्छ।

### नागरिक समाज सेवाप्रदायकबाट नीति साझेदारसम्म ऐन

नेपालमा नागरिक समाजलाई प्रायः सेवाप्रदायक संस्थाका रूपमा बुझ्ने गरिन्छ। तर, लुम्बिनी प्रदेशको दलित अधिकार ऐन निर्माण प्रक्रियाले नागरिक समाज नीति निर्माणको साझेदार पनि बन्न सक्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ। दलित अधिकारकर्मी, अनुसन्धानकर्ता, सामाजिक संस्था तथा प्रदेशस्तरमा कार्यरत नागरिक समाज संगठनहरूले दलित समुदायको अवस्था अध्ययन गरे, तथ्यांक संकलन गरे, संवैधानिक प्रावधानको विश्लेषण गरे र त्यसलाई कानुनी प्रस्तावमा रूपान्तरण गर्ने काम गरे।

यस क्रममा अवधारणापत्र तयार गर्नुका साथै विभिन्न जिल्लामा परामर्श, प्रदेशसभा सदस्यसँग छलफल तथा मन्त्रालयसँग अन्तर्क्रिया गरिएको थियो। त्यसपछि व्यवस्थित विधेयकको मस्यौदा तयार गरिएको थियो। यसले कानुन निर्माण माथिबाट थोपरिने प्रक्रिया मात्र नभई समुदायबाट उठेको आवाजलाई विधायिकी प्रक्रियासँग जोड्न सकिने देखाएको छ।


### सामाजिक विकास मन्त्रालयदेखि मुख्यमन्त्री कार्यालयसम्म

दलित अधिकार ऐनको अवधारणा विकासदेखि विधेयकको मस्यौदा, सरोकारवालासँग परामर्श तथा कार्यान्वयनको आधार निर्माणसम्म सामाजिक विकास मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गरेको सामग्रीमा उल्लेख छ।

बाँकी ४ पेजमा

## विश्व

# तिब्बतमा बाढीपछि ५५८ जना बेपत्ता



**बेइजिङ, ११ भदौ ।**

चीन-नेपाल सीमामा पर्ने तिब्बतमा भारी वर्षापछि आएको बाढी र पहिरोमा परी तीन जनाको मृत्यु भएको छ भने ५५८ जना अझै बेपत्ता रहेको चिनियाँ सरकारी सञ्चारमाध्यमले जनाएको छ। बेपत्तामध्ये २६० जना विदेशी नागरिक रहेको बताइएको छ।

बुधबार बिहान सीमावर्ती क्षेत्रमा माटो र भग्नावशेष भवनमाथि खसेपछि एक हजारभन्दा बढी उद्धारकर्मीले खोजी तथा उद्धार कार्य जारी राखेका छन्। उद्धारमा खोजी कुकुर र ड्रोन प्रयोग गरिएको छ। निगरानी भिडियोमा धेरै मानिस ज्यान जोगाउन भागिरहेको देखिएको छ।

चीनको अर्धसैनिक पिपुल्स आर्म्ड पुलिसका सदस्य ली किपुले अस्थिर भूभाग र साँघुरा पहाडी सडकका कारण उद्धार कार्यमा कठिनाइ भइरहेको बताए। मुख्य प्रकोपस्थलमा ठूला सवारीसाधन र भारी उपकरण पुग्न नसके पनि आसपासका सडक खुला रहेकाले आवश्यक सामग्री पुर्‍याइएको उनले जानकारी दिए।

सरकारी समाचार एजेन्सी सिन्ह्वाका अनुसार सीमा क्षेत्रमा करिब ८०० उद्धारकर्मी र १५० भन्दा बढी सवारीसाधन परिचालन गरिएको छ। अग्निशमन सेवाले खोजी कुकुर, मानिसको उपस्थिति पत्ता लगाउने स्क्यानर र साना डुङ्गासहित ४३१ कर्मचारी खटाएको छ। राहत सामग्री बोकेका नागरिक तथा सैन्य विमानसमेत तिब्बत पुगेका छन्।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — विवादास्पद काममा हात हाल्नुपरे पनि प्रयत्न गर्दा बिस्तारै लक्ष्यमा पुग्न सकिनेछ। अवसरले पछ्याउनेछन्। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ।

**वृष** — टाढिएका मित्रगण नजिकिनाले प्रसन्नता मिल्नेछ। सामाजिक काममा रुचि बढ्नेछ। आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ।

**मिथुन** — परिस्थितिवश अरूका लागि समय खर्चनुपर्ला। व्यवहार अलि बिग्रन सक्छ। सानोतिनो समस्याले अल्झाउनेछ भने स्वास्थ्य पनि प्रतिकूल रहनेछ।

**कर्कट** — प्रियजनको साथले दिन रमाइलो रहनेछ। विशेष काम गर्न बिहानको समय बढी लाभदायक रहनेछ। व्यवसायमा आम्दानी बढ्नेछ।

**सिंह** — प्रतिस्पर्धा गर्नुपरे पनि स्रोतसाधन जुट्नाले दिगो काम बन्नेछ। तर आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्, सजग रहनुहोला।

**कन्या** — तारिफयोग्य कामले राम्रो उपलब्धि दिलाउनेछ। मिहिनेत गर्दा अध्ययनमा प्रगति हुनेछ। गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ।

**तुला** — हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। प्रक्रिया नमिल्नाले काम दोहोर्‍याउनुपर्ने हुन सक्छ। भूमि तथा पशुधनबाट लाभ मिल्नेछ।

**वृश्चिक** — गलत व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ। काममा आफ्नो श्रम परे पनि प्रतिफलमाथि अरूले राज गर्नेछन्।

**धनु** — मान-सम्मान पाइने समय छ। बोलीको भरमा चिताएको काम बन्नेछ। विचारले धेरैलाई आकर्षण गर्ने समय छ। प्रशंसकहरू बढ्नेछन्।

**मकर** — प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। बिछोडिएका आफन्त नजिकिनेछन्।

**कुम्भ** — खर्चिलो कामले अर्थ अभाव निम्त्याउन सक्छ। तापनि पछिका लागि काम गर्ने समय छ। समस्याले सक्रिय बन्न प्रेरित गर्नेछ।

**मीन** — मिहिनेत गर्दा आम्दानीका स्रोत फेला पर्नेछन्। आवश्यक भौतिक साधन सजिलै जुट्नेछन्। आम्दानी बढ्नाले उत्साह जाग्नेछ।

# भोटेकोशीको बाढीपछि कर्णालीका एक सय ८५ को अवस्था अज्ञात

**युग संवाददाता**
**सुर्खेत, ११ भदौ ।**

भोटेकोशीमा बुधबार आएको भिषण पश्चात कर्णालीका एक सय ८५ जना सम्पर्कविहीन भएका छन् । रसुवा जिल्लास्थित भोटेकोशी नदीमा आएको भिषण बाढीपछि अतुलनीय जनधनको क्षति भएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले उपलब्ध गराएको यो तथ्यांक हालसम्म आफन्त तथा परिवारका सदस्यले प्रहरी र जिल्ला प्रशासन कार्यालयमा टिपाएको प्रारम्भिक विवरण हो ।

सम्पर्कविहीन हुनेहरुमा कर्णालीका दश जिल्लाबाट सडक तथा जलविद्युत आयोजनामा मजदुरी गर्न गएकाहरु धेरै छन् । साथै, अध्ययन, सरकारी तथा गैर सरकारी संघसंस्थाहरुमा कार्यरत कर्मचारी, सुरक्षा निकायमा कार्यरत व्यक्तिहरुको अवस्था अज्ञात रहेको प्रहरीले जनाएको छ ।

हालसम्म उपलब्ध तथ्यांक अनुसार सम्पर्कविहीन हुनेहरुमा एक सय ५३ पुरुष, २५ महिला, चार बालक र तीन बालिका छन् । सम्पर्कविहीन हुनेहरुमा सबैभन्दा धैरै सल्यानका ४८ जना छन् । जिल्ला प्रहरी कार्यालय सल्यानका अनुसार ३५ पुरुष, १० महिला, दुई बालक र एक बालिकाको अवस्था अज्ञात छ ।

सल्यानका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक दीपक पातलीले रसुवा र नुवाकोट जिल्लामा सडक र जलविद्युत आयोजनामा मजदुरी तथा अन्य कामको शिलशिलामा रहेका व्यक्तिहरु परिवारको सम्पर्कमा नरहेको भन्दै विवरण टिपाउने काम जारी रहेकाले यो संख्या अझै बढ्न सक्ने बताए ।



> बिहिबार बसेको संसदीय दलको वैठकले २ लाख २५ हजार रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा जम्मा गर्ने निर्णय गरेको हो ।

परिवारले तथा आफन्तले टिपाएको विवरण अनुसार सम्पर्कविहीन व्यक्तिहरुको अवस्था बुझ्ने प्रयास जारी रहेको उनले बताए । यस्तै, सुर्खेतका १५ पुरुष एक महिला गरी १६, दैलेखका ६ पुरुष र एक महिला गरी सात जना सम्पर्कविहीन छन् । जाजरकोटका दुई पुरुष, रुकुम पश्चिमका सात पुरुष, चार महिला र एक बालिका गरी १२, जुम्लाका पुरुष ७०, हुम्लाका ६ पुरुष, दुई महिला, एक बालिका गरी नौ जनाको अवस्था अज्ञात छ ।

त्यस्तै, डोल्पाका एक पुरुष, एक महिला, गरी दुई, मुगुका आठ पुरुष, चार महिला, एक बालक गरी १३, कालीकोटका तीन पुरुष, दुई महिला र एक बालक गरी ६ जनाको अवस्था हालसम्म पनि अज्ञात रहेको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता एवम् सूचना अधिकारी प्रहरी बरिष्ठ उपरीक्षक सन्तोषसिंह राठोरले जानकारी दिए । उनले यो बढ्न सक्ने बताए ।

**प्रभावितलाई काँग्रेस कर्णालीको आर्थिक सहयोग**

भोटेकोशीमा आएको भिषण बाढीबाट पीडितहरुको राहत, उद्दार तथा पुनर्स्थापनाका लागि नेपाली काँग्रेस कर्णाली प्रदेश संसदीय दलले आर्थिक सहयोग गर्ने भएको छ । बिहिबार बसेको संसदीय दलको वैठकले २ लाख २५ हजार रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा जम्मा गर्ने निर्णय गरेको हो ।

यो रकम संसदीय दलका १५ जना सदस्यहरुबाट प्रतिव्यक्ति १५ हजार संकलन गरी जम्मा गरिने सांसद बेदराज सिंहले जानकारी दिए । संसदीय दलले उक्त घटनाबाट घाईतेहरुको उपचार, वेपत्ताको खोजी तथा पीडितको राहत, उद्दार र पुनर्स्थापनामा विशेष प्राथमिकता दिन नेपाल सरकार तथा सम्बद्ध सरोकारवालासँग अपिल गर्ने, यसका लागि कर्णाली प्रदेश सरकारलाई पनि आर्थिक सहायता प्रदान गर्न अनुरोध गर्ने निर्णय गरेको छ ।

## भोटेकोशी बाढीः

# कुल विद्युत् उत्पादन क्षमताको १० प्रतिशत प्रभावित

**युग संवाददाता**
**काठमाडौँ, ११ भदौ ।**



रसुवास्थित भोटेकोशी नदीमा आएको बाढीका कारण देशको कुल विद्युत् उत्पादन क्षमताको करिब १० प्रतिशत प्रभावित भएको छ । बाढीबाट विद्युत् उत्पादन, प्रसारण तथा वितरण संरचनामा ठूलो क्षति पुगेपछि विद्युत् आपूर्तिमा हुन सक्ने असन्तुलनलाई ध्यानमा राख्दै नेपाल विद्युत् प्राधिकरणले माग र आपूर्ति व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री बिराज भक्त श्रेष्ठले जानकारी दिए ।

मन्त्री श्रेष्ठका अनुसार हालसम्म विद्युत् प्रणालीलाई सन्तुलित राख्न प्राधिकरण सफल भए पनि बाढीबाट भएको ठूलो क्षतिका कारण आगामी दिनमा थप चुनौती आउन सक्ने भएकाले आवश्यक तयारी र व्यवस्थापनलाई तीव्र पारिएको छ ।

प्रारम्भिक विवरणअनुसार बाढीका कारण ४३१ मेगावाट क्षमताका १२ वटा विद्युत् उत्पादन केन्द्र बन्द भई विद्युत् प्रणालीबाट बाहिरिएका छन् । त्यस्तै, निर्माणाधीन १५ वटा जलविद्युत् आयोजनामा कुल ४७० मेगावाट क्षमतामा क्षति पुगेको प्रारम्भिक विवरण प्राप्त भएको मन्त्री श्रेष्ठले जानकारी दिएका छन् ।

प्रसारणतर्फ त्रिशूली २२० केभी ३ बी हब सबस्टेसन पूर्णरूपमा क्षतिग्रस्त भएको छ । यस्तै, २२० केभी, १३२ केभी र ६६ केभी क्षमताको प्रसारण लाइन र टावरमा क्षति पुगेको छ । बाढीका कारण रसुवामा विद्युत् आपूर्ति पूर्णरूपमा अवरुद्ध भएको छ भने नुवाकोट, धादिङ र गोरखाका विभिन्न क्षेत्रमा आंशिक रूपमा विद्युत् सेवा प्रभावित भएको छ । मन्त्री श्रेष्ठका अनुसार विभिन्न विद्युत् आयोजना तथा संरचनामा कार्यरत १९६ जनाभन्दा बढी कर्मचारी तथा मजदुर सम्पर्कविहीन रहेको प्रारम्भिक विवरण प्राप्त भएको छ । उनीहरूको खोज तथा उद्धार कार्य जारी छ ।

उद्धार तथा विद्युत् सेवा पुनःस्थापनाका लागि नेपाल विद्युत् प्राधिकरणका १५ वटाभन्दा बढी सवारीसाधन प्रभावित क्षेत्रमा परिचालन गरिएको छ । थप उद्धार तथा प्राविधिक टोली पनि प्रभावित क्षेत्रमा खटाइएको मन्त्री श्रेष्ठले बताएका छन् ।

वैकल्पिक व्यवस्थामार्फत विद्युत् आपूर्ति सुचारु गर्ने, क्षतिग्रस्त संरचनाको मर्मत तथा पुनःस्थापना गर्ने र सम्पर्कविहीन कर्मचारी तथा मजदूरको खोजी तथा उद्धार गर्ने काम स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित निकायसँगको समन्वयमा भइरहेको छ ।

मन्त्री श्रेष्ठले अहिले मानवीय सुरक्षा, खोज तथा उद्धार र अत्यावश्यक विद्युत् सेवा पुनःस्थापनालाई सरकारले उच्च प्राथमिकतामा राखेको बताए । क्षतिको विस्तृत विवरण सङ्कलन तथा प्राविधिक मूल्याङ्कनको काम पनि भइरहेको उहाँले जानकारी दिए ।

"अहिलेसम्म विद्युत् प्रणालीलाई सन्तुलित राख्न सफल भएका छौँ तर यति ठूलो क्षतिका कारण आगामी दिनमा थप चुनौती आउन सक्ने भएकाले आवश्यक तयारी र व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखिएको छ," मन्त्री श्रेष्ठले भने ।

## रसुवा बाढीः

# कञ्चनपुरका कर्मचारीसहित २४ जना सम्पर्कविहीन

**युग संवाददाता**
**महेन्द्रनगर, ११ भदौ ।**

रसुवामा आएको भोटेकोशी नदीमा आएको भीषण बाढीपछि कञ्चनपुर घर भएका २४ जना सम्पर्कविहीन भएका छन् । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले बुधबारसाँझ बाढी प्रभावित स्थानमा रहेका हालसम्म सम्पर्कमा नआएका व्यक्तिहरुका सम्बन्धमा खोजी तथा उद्धारका लागि जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयमा जानकारी गराउन सूचना जारी गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले बाढी प्रभावित क्षेत्रमा रहेका कञ्चनपुरका २४ जनाका आफन्तले प्रहरीका खोजीकार्यका लागि सर्म्पक गरेको बताए ।

"प्रभावित क्षेत्रमा कार्यरत सेना, प्रहरी, कर्मचारी र जलविद्युत् आयोजनामा कार्यरत मजदुरका आफन्तहरुले सर्म्पक गरेर खोजीकार्यका लागि आग्रह गरेका छन्", प्रवक्ता रावतले भने, "हामीले सम्पर्कविहीन भएका नागरिकको विवरण सङ्कलन गरेर प्रहरी प्रधान कार्यालय पठाइरहेका छौँ ।"

जिल्ला प्रहरी कार्यालयका अनुसार हालसम्म यहाँको भीमदत्त नगरपालिकाका छ जना, बेलौरी नगरपालिकाका तीन जना, कृष्णपुरका पाँच जना, शुक्लाफाँटा नगरपालिकाका सात जना, लालझाडी गाउँपालिकाका एक र बेदकोट नगरपालिकाका दुई जना बाढी प्रभावित क्षेत्र रसुवाबाट सम्पर्कविहीन छन् । त्यसैगरी, जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले सूचना जारी गरेपछि डडेल्धुराका एक र बैतडीका दुई जनाका आफन्तले पनि सम्पर्क गरेको जनाएको छ । "सम्पर्कविहीन व्यक्तिका आफन्तले दिएको विवरणअनुसार धेरैजसो हाइड्रोमा काम गर्ने मजदुर, नेपाली सेनाका दुई, नेपाल प्रहरीका एक र भन्सार र वन कर्मचारीलगायत छन्", प्रवक्ता रावतले भने, "खोजीमा सहज होस् भनेर हामीले जिल्लामा विवरण सङ्कलन गरेका हौँ ।"

रसुवामा आएको बाढीका कारण समस्यामा परेका यहाँका नागरिकको खोज तथा उद्धारका लागि स्थानीय प्रशासनले पनि सक्रियता देखाएको छ । त्यसैगरी, कञ्चनपुरको भीमदत्त नगरपालिका-१३ बडैपुरका नरेश दत्त जोशीका आफन्तले बुधबार बिहानदेखि खोजीका लागि पहल गरिदिन आग्रह गरिरहेका छन् ।

## रासायनिक...

कमजोर हुने जोखिम रहेको विज्ञहरूको भनाई छ । स्थानीय तह, कृषि ज्ञान केन्द्र तथा कृषि प्राविधिक टोलीले किसानको खेतमै पुगेर माटो परीक्षण, पोषक तत्वको अवस्था र सन्तुलित मल प्रयोगबारे नियमित रूपमा जानकारी दिनुपर्ने आवश्यकता देखिएको छ । माटोको अवस्था र बालीको आवश्यकताका आधारमा रासायनिक तथा प्राङ्गारिक मलको सन्तुलित प्रयोगमा जोड दिनुपर्ने विज्ञहरूको सुझाव छ ।

तत्काल उत्पादन बढाउने नाममा माटोको क्षमताभन्दा बढी रासायनिक मल प्रयोग गर्ने प्रवृत्ति रोक्न नसके भविष्यमा उत्पादन लागत बढ्नुका साथै जमिनको उत्पादकत्व घट्ने जोखिमसमेत रहन्छ । त्यसैले अहिले नै माटो परीक्षणलाई नियमित बनाउँदै परीक्षणको नतिजाका आधारमा मल व्यवस्थापन गर्ने र रासायनिक तथा प्राङ्गारिक मलको सन्तुलित प्रयोगतर्फ किसानलाई अभिप्रेरित गर्न आवश्यक देखिएको छ ।

**घर भाडामा लिने सम्बन्धि सूचना**

यस नेशनल लाईफ इन्स्योरेन्स कम्पनी क.लि.को छिन्चु शाखा कार्यालय सञ्चालनका लागि छिन्चु बजारको मुख्य सडकको ५०० मि. परिधिमा RCC System बाट निर्माण भएको फ्ल्याट भाडामा दिन इच्छुक व्यक्ति वा संस्थाले आफुले चाहेको मासिक बहाल रकम (कर सहित । कर वाहेक) उल्लेख गरि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तल उल्लेखित ठेगान( ाMा लालपुर्जा, नक्सापास, निर्माण सम्पन्न, घरधनीको नागरिकता इत्यादी आवश्यक कागजातहरु सहित घर भाडा सम्बन्धि प्रस्ताव पठाउनु हुन अनुरोध गरिन्छ ।

National Life
for a secure future....

**प्रादेशिक कार्यालय, सुर्खेत फोन ०८३–५२५०९०, ९८०१९१६०३७**

**श्री गंगामाला स्वावलम्बन विकास बचत तथा ऋण सहकारी संस्था लि., भेरीगंगा १२, सुर्खेतको तपसिलमा उल्लेखित भाखा नाघेका ऋणीहरुलाई ऋण चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी**

**(सूचना प्रकाशित मिती : २०८३/०५/१२)**

यस गंगामाला स्वावलम्बन विकास बचत तथा ऋण सहकारी संस्था लि., भेरीगंगा १२, सुर्खेतबाट तपाई ऋणी सदस्यहरुले विभिन्न उद्देश्यमा लिनुभएको ऋणको साँवा, ब्याज र हर्जना समेत यस संस्थासंगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाएको र सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट र पत्र मार्फत अनुरोध गर्दा पनि ऋणको साँवा, ब्याज र हर्जना नबुझाई ऋण सम्बन्धी शर्त बन्देज उलंघन गर्नुभएकोले ऋण चुक्ता गर्नको लागि यो ३५ दिने सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखि संस्थाबाट लिएको ऋणको सम्पूर्ण साँवा, ब्याज र हर्जना रकम चुक्ता भुक्तान गर्नका लागि अनुरोध गरिन्छ । उक्त अवधिभित्र तपाइले यस संस्थाबाट लिएको ऋणको साँवा, ब्याज र हर्जना रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण बापत रहेको चल अचल सम्पत्ति सहकारी ऐन, सहकारी नियमावली, कर्णाली प्रदेश सहकारी ऐन, संस्थाको विनियम तथा ऋण आन्तरिक कार्यविधि बमोजिम धितो लिलाम बिक्री गरिने र उक्त प्रक्रियाबाट असुल उपर नभए ऋणीको एकाघर परिवार र जमानीकर्ताको नेपालभर रहेको चल अचल सम्पत्तिबाट सम्पूर्ण लेना रकम असुल गरिने साथै कालो सूचिमा समावेश गरि अन्य कानुनी प्रक्रिया समेत अगाडि बढाइने भएकोले यथाशिघ्र ऋण भुक्तानी गर्न गराउनुहुन सम्बन्धित सबैलाई यसै सार्वजनिक सूचना मार्फत सूचित गरिन्छ ।

| ऋणीको विवरण | ऋणीको फोटो | धितोको विवरण | जमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| **नाम : सन्तबहादुर पुन मगर**<br>बाबु : देउचन पुन मगर<br>बाजे : तिरे पुन मगर<br>ठेगाना : छिन्चु ९, सुर्खेत<br>हालको ठेगाना : भेरीगंगा १०, सुर्खेत<br>ना.प्र.नं. : १/२१५६८ |  | गिताकुमारी पुन मगरको नाममा श्रेष्ता कायम रहेको लेखफर्सा गा.वि.स. वडा नं. ४छ, कित्ता नं. ६३८ र ६४०, क्षेत्रफल ०-१-१०-० र ०-१-१०-० रहेको जग्गा | **नाम : गिताकुमारी पुन मगर**<br>बाबु/पति : कर्णबहादुर पौडेल/ सन्तबहादुर पुन मगर<br>ससुरो : देउचन पुन मगर<br>ठेगाना : लेखफर्सा ८, सुर्खेत<br>हालको ठेगाना : भेरीगंगा १०, सुर्खेत<br>ना.प्र.नं. : ५६४३८/१४३९ |  |
| **नाम : धनमाया पुन**<br>बाबु/पति : फुर्सा सलामी/पदम बहादुर पुन<br>ससुरो : नर बहादुर पुन<br>ठेगाना : गुमी ५, सुर्खेत<br>हालको ठेगाना : गुर्भाकोट १४, सुर्खेत<br>ना.प्र.नं. : ६४-०१-७०-०३८४१ |  | पदम बहादुर पुनको नाममा श्रेष्ता कायम रहेको गुमी गा.वि.स. वडा नं. ६ग, कित्ता नं. २५७, क्षेत्रफल ६७७।२८ वर्ग मिटर रहेको जग्गा । | **नाम : पदम बहादुर पुन**<br>बाबु : नर बहादुर पुन<br>बाजे : लिला पुन<br>ठेगाना : गुमी ५, सुर्खेत<br>हालको ठेगाना : गुर्भाकोट १४, सुर्खेत<br>ना.प्र.नं. : ६४-०१-६९-००१३४ |  |
| **नाम : देवि सुनार**<br>बाबु/पति : टेक बहादुर सुनार/ मोहनलाल सुनार<br>ससुरो : कर्णबहादुर सुनार<br>ठेगाना : दहचौर १, सुर्खेत<br>हालको ठेगाना : गुर्भाकोट १३, सुर्खेत<br>ना.प्र.नं. : ६४३०४४/२३३ |  | देवि सुनारको नाममा श्रेष्ता कायम रहेको गुमी गा.वि.स. वडा नं. १ख, कित्ता नं. १७०, क्षेत्रफल २७९।२४ वर्ग मिटर रहेको जग्गा । | **नाम : मोहनलाल सुनार**<br>बाबु : कर्ण बहादुर सुनार<br>बाजे : भिउसन सुनार<br>ठेगाना : दहचौर १, सुर्खेत<br>हालको ठेगाना :गुर्भाकोट १३, सुर्खेत<br>ना.प्र.नं. : १५८३२ |  |
| **नाम : डम्मर कुमारी खड्का (वली)**<br>बाबु/पति : बेल बहादुर खड्का/शिव बहादुर वली<br>ससुरो : जिउधन वली<br>ठेगाना : गुर्भाकोट ४, सुर्खेत<br>हालको ठेगाना : गुर्भाकोट ४, सुर्खेत<br>ना.प्र.नं. : ६४-०१-७५-००९१६ |  | शिव बहादुर वलीको नाममा श्रेष्ता कायम रहेको मालारानी गा.वि.स. वडा नं. ९क, कित्ता नं. १४, क्षेत्रफल ४-९-०-२ रहेको जग्गा । | **नाम : शिव बहादुर वली**<br>बाबु : जिउधन वली<br>बाजे : सर्जन सिं वली<br>ठेगाना : सहारे ५, सुर्खेत<br>हालको ठेगाना : गुर्भाकोट ४, सुर्खेत<br>ना.प्र.नं. : ६४१०४६/१०९३२९ |  |
| **नाम : लिला वि.क. (सुनार)**<br>बाबु/पति : भक्तबहादुर कामी/रेशम सुनार<br>ससुरो : चेते सुनार<br>ठेगाना : सिम्ता ८, सुर्खेत<br>हालको ठेगाना : गुर्भाकोट ८, सुर्खेत<br>ना.प्र.नं. : ६४-०६-८०-०१८११ |  | लिला वि.क. (सुनार)को नाममा श्रेष्ता कायम रहेको मेहेलकुना गा.वि.स. वडा नं. १घ, कित्ता नं. ४३, क्षेत्रफल ५६.०२ वर्ग मिटर रहेको जग्गा । | **नाम : रेशम सुनार**<br>बाबु : चेते सुनार<br>बाजे : जित्मान सुनार<br>ठेगाना : डाँडाखाली ५, सुर्खेत<br>हालको ठेगाना : गुर्भाकोट ८, सुर्खेत<br>ना.प्र.नं. : ६४-०१-७२-०२०१७ |  |

**श्री गंगामाला स्वावलम्बन विकास बचत तथा ऋण सहकारी संस्था लि.**
भेरीगंगा-१२, छिन्चु, सुर्खेत

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

## लुम्बिनीमा...

मन्त्रालयले दलित समुदायका सामाजिक, शैक्षिक, स्वास्थ्य, आर्थिक तथा सांस्कृतिक आवश्यकतालाई सम्बोधन गर्ने समावेशी नीतिको विकास गर्नुका साथै ऐन कार्यान्वयनका लागि आवश्यक बजेट, कार्यक्रम, संस्थागत संरचना तथा जनचेतनामूलक कार्यक्रमको आधार तयार गर्ने जिम्मेवारी लिएको थियो।

त्यस्तै, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दलित अधिकार ऐनलाई प्रदेश सरकारको प्राथमिक नीतिगत एजेन्डाका रूपमा अघि बढाउँदै कानुनी, नीतिगत तथा अन्तरमन्त्रालय समन्वयको नेतृत्व गरेको थियो। कानुन महाशाखाले विधेयकको मस्यौदा, कानुनी परिमार्जन तथा आवश्यक सल्लाह उपलब्ध गराउँदै सम्बन्धित मन्त्रालय, प्रदेशसभा र सरोकारवालाबीच समन्वय गरेको थियो।

**अबको मुख्य चुनौती कार्यान्वयन**

ऐन निर्माण हुनु महत्त्वपूर्ण उपलब्धि भए पनि यसको वास्तविक परीक्षा कार्यान्वयनमा हुनेछ। यसका लागि पर्याप्त बजेट आवश्यक छ। ऐनअनुसार बन्नुपर्ने नियमावली, कार्यविधि र संस्थागत संरचना समयमै तयार तथा गठन गर्नुपर्नेछ। प्रदेश सरकार, स्थानीय तह, राष्ट्रिय दलित आयोग र नागरिक समाजबीच प्रभावकारी समन्वय पनि आवश्यक हुनेछ।

त्यसैगरी, ऐनले व्यवस्था गरेका अधिकार र कार्यक्रम वास्तविक जीवनमा कार्यान्वयन भए-नभएको मूल्यांकन गर्न बलियो अनुगमन तथा मूल्यांकन प्रणाली आवश्यक पर्नेछ। यसको महत्त्व ऐनका प्रावधानमा मात्र सीमित छैन, यसको निर्माण प्रक्रिया पनि उत्तिकै महत्त्वपूर्ण छ।

यस प्रक्रियामा नागरिक समाजले तथ्य र प्रमाणसहित मुद्दा उठायो, दलित अधिकारकर्मीले समुदायका वास्तविक आवश्यकता र अनुभवलाई कानुनी बहसमा ल्याए, विज्ञहरूले प्राविधिक तथा नीतिगत सहयोग गरे, संसदीय समितिले संवाद र सहमति निर्माणको भूमिका निर्वाह गऱ्यो भने प्रदेश सरकार र राजनीतिक नेतृत्वले त्यसलाई संस्थागत रूपमा अघि बढाए।

अबको मुख्य प्रश्न ऐन कति राम्रो बन्यो भन्ने मात्र होइन, यसले दलित समुदायको जीवनमा कति व्यावहारिक परिवर्तन ल्याउँछ भन्ने हो। त्यसका लागि पर्याप्त बजेट, समयमै नियमावली तथा कार्यविधि निर्माण, स्पष्ट संस्थागत जिम्मेवारी, तीनै तहका सरकारबीच प्रभावकारी समन्वय र बलियो अनुगमन आवश्यक हुनेछ।

त्यसैले दलित अधिकार ऐन, २०८३ लाई केवल एउटा नयाँ कानुनका रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन। यसलाई सामाजिक न्यायलाई व्यवहारमा रूपान्तरण गर्ने प्रदेशस्तरीय प्रयास तथा राज्य, संसद, नागरिक समाज र दलित समुदायबीचको सहकार्यको महत्त्वपूर्ण उदाहरणका रूपमा लिनुपर्छ। यसको वास्तविक सफलता ऐनका प्रावधान कागजमा कति प्रभावकारी छन् भन्नेभन्दा पनि दलित समुदायले आफ्नो दैनिक जीवनमा अधिकार, समानता, सम्मान र न्यायको अनुभूति कति गर्न सके भन्नेबाट मापन हुनेछ।

*(शिलापत्र)*

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा श्री कल्पना ढुङ्गाना धनि रहेको, दर्ता नम्बर ५१००/०७५/०७६ बाट वीन.न.पा-११, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको सरस्वती कुखुरा पालन फर्म नामको प्राइभेट उद्योग हाम्रो घरायसी कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैत्तिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

# बडीमालिका मुख्य पूजासहित मेला

**◣युग संवाददाता**
**बाजुरा, ११ भदौ।**

धार्मिक तथा पर्यटकीय क्षेत्र बाजुरास्थित बडीमालिका भगवती मन्दिरमा आज मुख्य पूजा तथा मेला सुरु भएको छ। यहाँ हरेक वर्ष जनैपूर्णिमाको अघिल्लो दिन अर्थात् साउन शुक्ल चतुर्दशीका दिन मेला लाग्ने परम्परा छ।



बडीमालिकामा मुख्य मेला शुक्रबार भएपनि दर्शनार्थीहरुको चापलाई मध्यनजर गर्दै भदौ १ गतेदेखि पूजा प्रारम्भ गरिएको बडीमालिका मन्दिरका पुजारी नेत्र पाध्यायले जानकारी दिए। जनैपूर्णिमाका अवसरमा बडीमालिकासँगै बूढीनन्दा, बडालेखसहित दर्जन बढी धार्मिक शक्तिपीठमा पूजा लाग्ने गरेको छ।

साउन शुक्ल चतुर्दशीका दिन बडीमालिका माताको पूजा गरेर सोही दिन तल झर्ने र जनैपूर्णिमाको दिन त्रिवेणी नगरपालिका-७ स्थित नाटेश्वरी मन्दिरमा पूजाआजा गर्ने परम्परा रहेको पुजारी पाध्यायले बताए।

चार हजार दुई उचाइमा अवस्थित बडीमालिकामा मेला भर्न हरेक वर्ष देशका विभिन्न जिल्लाका साथै छिमेकी मुलुक भारतबाट यहाँ दर्शनार्थी आउने गरेका छन्। बाजुरा, डोटी, कालीकोट र जुम्लाबाट पूजा सामग्रीसहित सरकारी टोली त्यहाँ जाने परम्पराबमोजिम सबै सरकारी टोली पुगिसकेको र हाल दर्शनार्थीहरुले पूजा गरिरहेको बडीमालिका नगरपालिकाका नगर प्रमुख अमरबहादुर खड्काले बताए। "विगतका वर्षभन्दा यसपटक दर्शनार्थीको सङ्ख्या बढ्ने अनुमान छ", उनले भने, "गत वर्ष नेपाली सेनाले प्यागोडा शैलीमा बडीमालिको नयाँ मन्दिर निर्माण गरेपछि यसको आकर्षण थप बढेकाले पनि दर्शनार्थीको सङ्ख्या बढ्न थालेको छ।"

बडीमालिका माताको दर्शनका लागि ठूलो सङ्ख्यामा दर्शनार्थी पुग्ने गरेकाले भदौ १ बाटै पूजा प्रारम्भ भएको र सुरक्षा व्यवस्थापन मजबुत बनाएकाले त्यहाँ भिरालो भूगोलका कारण केही अप्ठ्यारो र लेक लाग्ने समस्याबाहेक अन्य कुनै समस्या नहुने प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले बताए।

बडीमालिकामा बर्सेनि हजारौँको सङ्ख्यामा पर्यटक तथा दर्शनार्थीहरु पुग्ने गरेका छन्। सञ्चार सेवा नहुँदा तीर्थयात्री तथा सुरक्षाकर्मीले मोबाइल सम्पर्क र इन्टरनेट प्रयोगमा समस्या भोग्दै आएका थिए। तर यस वर्ष मेलाअगावै सञ्चार सम्पर्क सहज बनाउन नेपाल टेलिकमको फोरजी टावरसमेत सञ्चालनमा ल्याइएको छ। फोरजी सेवा सञ्चालनमा आएपछि त्यहाँ पुग्ने भक्तजनलाई परिवारसँग सम्पर्क, सूचना आदानप्रदान र इन्टरनेट प्रयोग एवं उद्धार तथा सुरक्षा निकायसँग सम्पर्क गर्नसमेत सहयोग पुगेको प्रमुख जिल्ला अधिकारी निरौलाले बताए।

**टेलिफोन तथा इन्टरनेट सेवा विस्तार**

यसअघि सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले नेपाल टेलिकमलाई तत्काल बडीमालिका क्षेत्रमा टेलिफोन तथा इन्टरनेट सेवा विस्तारका लागि आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिएका थिए।

प्रधानमन्त्री वालेन्द्र शाहले यसअघि धनगढीमा चुनावी अभियानका क्रममा बडीमालिकालाई 'नेपालको स्वीट्जरल्यान्ड' भनेर उल्लेख गरेपछि पनि यो क्षेत्र थप चर्चामा आएको स्थानीयको भनाइ छ।

# रसुवाको बाढीपछि हुम्लाका १० जना सम्पर्कविहीन

**◣युग संवाददाता**
**हुम्ला, ११ भदौ।**

हुम्लाबाट रोजगारीका लागि रसुवा पुगेका १० व्यक्ति सम्पर्कविहीन भएका छन्। रसुवाको उत्तरी सीमामा बुधबार बिहान भोटेकोशी नदीमा आएको बाढीपछि हुम्लाका आठ पुरुष र दुई महिला गरी १० जना सम्पर्कविहीन भएको जिल्ला प्रशासन कार्यालय हुम्लाका सहायक प्रमुख जिल्ला अधिकारी चन्द्रवीर शाहीले जानकारी दिए।

"हुम्लाका विभिन्न गाउँका बासिन्दा रोजगारी तथा कामको सिलसिलामा रसुवा पुगेका थिए। बाढी आएपछि उहाँहरूसँग सम्पर्क हुन नसकेको छैन", उनले भने। खार्पुनाथ गाउँपालिका-१ स्थायी घर भएका वर्ष ३० का जनक बुढा, अनिता रावत, उमेश बोहोरा तथा उमेश बोहोराकी श्रीमती र छोरा सम्पर्कविहीन रहेका छन्। उमेश बोहोराको श्रीमती र छोराको नाम भने खुल्न सकेको छैन।

त्यसैगरी, ताँजाकोट गाउँपालिका-२ स्थायी घर भएका वर्ष ४१ नहकुल शर्मा र धनराज जैसी पनि सम्पर्कविहीन भएका छन्। शर्मा भन्सार अधिकृतका रूपमा कार्यरत थिए। सर्केगाड गाउँपालिका-८ राहदेउका तुलाराज बुढा र मानबहादुर ऐडी तथा चङ्खेली गाउँपालिका-१ का मनजित बुढा पनि बाढीपछि सम्पर्कविहीन रहेको विवरण प्रशासनले सार्वजनिक गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी शाहीका अनुसार मनजित बुढाले बाढी आएको करिब ३० मिनेटपछि सामाजिक सञ्जाल फेसबुकमार्फत 'हामी सुरक्षित छौँ' भन्ने आशयको पोस्ट गरेका थिए। त्यसपछि भने उनीसँग सम्पर्क हुन नसकेको बताए।

कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले बुधबार अपिलमार्फत सम्पर्कविहीन नागरिकको तत्काल खोज तथा उद्धारका लागि सम्बन्धित निकायसँग प्रभावकारी समन्वय गरी आवश्यक पहल भइरहेको जानकारी दिए।

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं**

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइ संक्रामक रोग लाग्न सक्दछ।

**त्यसैले, लामखुट्टेको टोकाईबाट बच्न:**

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

**लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

**सामेल एग्रिकल्चर प्रा.लि.**

वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस्।



budhakarna287@gmail.com

थप जानकारीका लागि : ९८५८०७१९०२

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

**RARA Printing Pvt.Ltd.**

**रारा प्रिन्टीङ्ग प्रा.लि.**

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)





Book & Copy Printing



Packaging Box Printing



Wedding Card Printing



Stamp



Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ।

सम्पर्क नं. ९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।